# आर्थिक वर्ष २०८३/०८४ को
# नीति तथा कार्यक्रम र बजेट

## सुवर्ण गाउँपालिका

कवहीगोठ, बारा

मधेश प्रदेश, नेपाल

२०८३

गाउँसभाको १७ औं अधिवेशनको पहिलो बैठकमा मिति २०८३ असार १० गते
गाउँपालिका उपाध्यक्ष श्री पुनम कुमारीद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८३/०८४
# को
# नीति तथा कार्यक्रम र बजेट

सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा
मधेश प्रदेश, नेपाल
२०८३

आदरणीय सभाध्यक्ष,

गाँउ सभा सदस्यहरु,

कर्मचारीहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु,

१. गाउँसभाको अध्यक्षको हैसियतले गाउँसभाको १७ औं अधिवेशनमा आर्थिक वर्ष २०८३।०८४ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सौभाग्य अवसर प्राप्त गर्नु मेरो लागि अत्यन्त सम्मानको क्षण हो । यो पवित्र मञ्चमार्फत गाउँपालिकाको समग्र सुशासन, पूर्वाधार विकास र सामाजिक रुपान्तरणको भविष्यको मार्गचित्र कोर्न पाउनु हामी सबैको साझा जिम्मेवारी, अटल प्रतिबद्धता र समर्पणको जीवन्त प्रतीक हो ।

२. नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै नेपाली समाज रुपान्तरणको क्रममा अग्र पंक्तिमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. हाम्रो विकासका चाहनाहरुलाई मूर्त रुप दिन यस गाउँपालिकाले विश्वव्यापी रुपमा स्वीकार गरिएको दीगो विकासका लक्ष्यहरु हाँसिल गर्नेतर्फ उन्मुख हुँदै आगामी आर्थिक वर्षका लागि स्वास्थ्य, शिक्षा, कृषि विकास, पशु विकास, सडक पूर्वाधार, खानेपानी, सिंचाई, लक्षित क्षेत्र विकास, सुशासन तथा संस्थागत सुदृढीकरण जस्ता क्षेत्रगत प्राथमिकताहरु रहने तथ्य उल्लेख गरेको छु ।

४. जनताको पूर्ण लोकतन्त्र, विधिको शासन, सुशासन सहितको विद्युतीय शासन, जनताप्रति उत्तरदायी राज्य, भ्रष्टाचारमुक्त सभ्य, सुसंस्कृत एवम् कर्तव्यप्रति दृढ समतामूलक एवम् न्यायपूर्ण समाजलाई आदर्शको रुपमा लिदैं स्वच्छ, सफा, शान्त, सुशासनयुक्त, समृद्ध र सुखी नगरको निर्माणको लागि गाँउपालिका सरकार प्रतिवद्ध छ ।

५. दिगो आर्थिक वृद्धि हासिल गरी आर्थिक विकास र समृद्धिको चाहनालाई सार्थक तुल्याउन सहभगितामूलक योजना तर्जुमा प्रक्रिया एवम् दिगो विकासको लक्ष्य अनुसार वडा, टोल वस्तीबाट प्राथमिकताका साथ छनोट भएका तथा गाउँपालिकाले समेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न खोजेका शिक्षा, स्वास्थ्य, कृषि, ग्रामिण सडक, सूचना तथा संचार प्रविधि, सहकारी, उद्योग तथा वाणिज्य, संस्थागत विकास तथा सेवा प्रवाहसँग सम्बन्धित आयोजनाहरुको प्रतिफल सुनिश्चित हुने गरी कार्यान्वयन क्षमता बढाउनुका साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्था गरिनेछ ।

६. राजश्व र कर प्रशासन सम्बन्धि नीतिको निर्माण गरी पहिचान भएका राजश्वका श्रोत, दायरा र दर अनुसार प्रगतिशील एवम् समतामूलक कर सिद्धान्त अनुसार राजश्व प्राप्त गर्न प्रभावकारी संस्थागत

र कानुनी व्यवस्था गरिनेछ । आन्तरिक आम्दानीलाई बढाउँदै आत्मनिर्भर र आफैमा सक्षम गाउँपालिकाको निर्माणको लागि संभव भएसम्माका सम्पूर्ण उपायहरु अवलम्बन गरिनेछ ।

७. वडा तथा गाउँपालिकाको बित्तीय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाइनेछ । राजनीतिक नेतृत्व र कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ । राजनीतिक स्थिरता, व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ । "सिर्जनशिलतालाई प्रोत्साहन, उत्कृष्टतालाई पुस्कार" अवधारणा अनुसार उत्कृष्ट काम गर्ने कर्मचारी र पदाधिकारीलाई वार्षिक रुपमा सम्मान सहित पुरस्कृत गरिनेछ । साथै कर्मचारीको व्यवसायिकता अभिवृद्ध तथा कामप्रती उच्च मनोबल बढाउनका लागि कर्मचारीहरुको लागि एक वर्षमा कम्तिमा एक पटक सार्वजनिक सेवा प्रवाह र आयोजना संचालन सम्बन्धि तालिम लिने तथा प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।वार्षिक कार्यतालिका निर्माण गरी बजेट तथा योजना तर्जुमा, कार्यक्रम स्वीकृति, वार्षिक खरिद योजना निर्माण, योजना कार्यान्वयन, उपभोक्ता समितिहरुको सशक्तिकरण, योजना अनुगमन तथा मूल्यांकन, सर्वजनिक सुनुवाई, प्रगति समिक्षा लगायतका कार्यलाई व्यवस्थित गरिनेछ ।

८. यस आर्थिक वर्षमा गाउँपालिकाको पञ्चवर्षिय आवधिक योजना निर्माण, विषयगत एवम् क्षेत्रगत गुरुयोजना निर्माण, एकीकृत गुरुयोजना निर्माण लगायतका योजना निर्माणसँग सम्बन्धित कार्यहरु सम्पन्न गरिनेछ । योजना तथा गुरुयोजना निर्माणको लागि आवश्यक बजेट व्यवस्था हुनेछ ।

९. उपरोक्त व्यवस्था बाहेक केहि मूल विषयहरुमा निम्नानुसार नीतिको तर्जुमा गरिएको छः

**शिक्षा सम्बन्धि नीति**

- सुवर्ण गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय शिक्षालाई जीवनोपयोगी, व्यवहारिक तथा प्रविधिमैत्री बनाइनेछ। विद्यालयमा सिकाइ उपलब्धि सुधारका लागि नियमित अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ।
- सामुदायिक विद्यालयमा आवश्यक शैक्षिक सामग्री, पुस्तकालय, विज्ञान प्रयोगशाला तथा सूचना प्रविधिको पहुँच विस्तार गरिनेछ। विद्यालयहरूमा कम्प्युटर शिक्षा तथा डिजिटल सिकाइ प्रणालीको विकास गरिनेछ।
- हरेक वडाका माध्यमिक विद्यालयहरुलाई श्रोत सम्पन्न नमुना विद्यालयको रुपमा विकास गरिनेछ। त्यस्तो विद्यालयको आधारभुत तहसम्म अंग्रेजी माध्यममा पठनपाठनको शुरुवात गरिनेछ।

- हरेक माध्यमिक तथा आधारभूत विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध गराई प्रविधिमैत्री शिक्षण सिकाईको सुरुवात गरिनेछ ।
- श्री ने रा मा वि कवही जगातलाई गाउँपालिका कै उच्च शिक्षा प्रदान गर्ने मुख्य शैक्षिक केन्द्रको रुपमा विकास गरिनेछ । यसको लागि विद्यालयमा CTEVT कक्षा सञ्चालन तथा व्यवस्थापनको लागि गाउँपकालिकाबाट अनुदान उपलब्ध गराइनेछ ।
- विद्यालयमा शिक्षकहरुको क्रियाकलाप, पठनपाठनको अवस्था र समग्र विद्यालयमा हुने गतिविधिहरु सुक्ष्म ढङ्गले अध्ययन गरी गाउँपालिकामा प्रतिवेदन गर्न शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत रहने गरी विद्यालय नियमन ईकाइको गठन गरिनेछ । विद्यालय अनुगमन नियमन र मूल्यांकनको कार्यलाई प्रभावकारी बनाईनेछ ।
- ग्रामिण क्षेत्रको वर्तमान शैक्षिक परिवेशलाई ब्यापक सुधार गर्ने नीति लिईनेछ । १० वर्षे विद्यालय शिक्षा योजना लागू गरिनेछ । शिक्षालाई अपांगमैत्री एवम बालमैत्री बनाईनेछ ।
- साक्षरता अभियान चलाई गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गरिनेछ ।
- प्रत्येक विद्यालयमा खानेपानी सहितको वाश कर्नर, अपाङ्गमैत्री छात्र र छात्रा शौचालय र सेनेटरी प्याड व्यवस्थापनका लागि भौतिक निर्माणका प्रकृया अगाडि बढाइनेछ ।
- गाउँपालिका अन्तर्गतका सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता अभिवृद्धि गरी थप सुदृढीकरणका लागि संघ र प्रदेश सरकारको समन्वय एवम् सहकार्यमा त्यस्ता केन्द्र मार्फत समुदाय स्तरमा विभिन्न शैक्षिक गतिविधिहरु सञ्चालन गरिनेछ ।

**स्वास्थ्य सम्बन्धि नीति**

- यस गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवाहरुलाई अझ थप प्रभावकारी बनाउनुका साथै हर्दिया प्राथमिक स्वास्थ्य केन्द्रबाट २४ घण्टे ईमरजेन्सी सेवाको सुरुवात गरिनेछ । बाल मृत्युदर तथा मातृ मृत्युदर घटाउन नेपाल सरकारबाट स्विकृत आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउन गाउँपालिकाबाट थप बजेटको व्यवस्थापन गरिनेछ।
- स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरि अनुगमन व्यवस्था प्रभावकारी बनाइने छ । प्रत्येक स्वास्थ्य चौकीमा आधारभूत प्रयोगशाला स्थापनाको लागि विशेष पहल गरिनेछ।
- गृहिणीहरुलाई बालबालिका हेरचाह र स्वस्थ आहार सम्बन्धी आधारभूत तालिम दिइनेछ ।
- प्रत्येक स्वास्थ्य चौकीमा एम्बुलेन्सको ब्यवस्था गर्दै जाने नीति अवलम्बन गरिनेछ।
- वर्षमा १ पटक हरेक वडामा विशेषज्ञ डाक्टर सहित स्वास्थ्य शिविर सञ्चालन गरिने र ६० बर्ष माथिका बृद्धबृद्धालाई घरमै गई नियमित स्वास्थ्य जाँच गर्न "घर घरमा स्वास्थ्यकर्मी" कार्यक्रम सञ्चालन गरिनेछ ।

- निशुल्क औषधी वितरण कार्यलाई नियमित र पारदर्शी बनाइनेछ ।

**कृषि तथा पशु विकास नीति**

- सुवर्ण गाउँपालिका कृषि उत्पादनको दृष्टिले सम्भावनायुक्त क्षेत्र भएकाले कृषिलाई प्राथमिक आर्थिक आधारका रूपमा विकास गरिनेछ। आधुनिक कृषि प्रणाली, उन्नत बीउबिजन, यान्त्रीकरण तथा व्यवसायीकरणलाई प्रोत्साहन गरिनेछ।
- धान, गहुँ, मकै, दलहन, तेलहन तथा तरकारी खेतीको उत्पादन वृद्धि गर्न प्राविधिक सहयोग तथा आवश्यक अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि उत्पादनमा वृद्धि गर्न गाउँपालिकाका किसानहरुले प्रयोग गर्ने कृषि मिटरको महशुल गाउँपालिकाबाट बेहोरिनेछ।कृषि विद्युतीकरणको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- नश्ल सुधारका कार्यक्रम सञ्चालन गरी उन्नत नश्लको व्यवसायिक पशुपन्छी पालनका लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
- संघीय सरकार र प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा पशु तथा वाली बीमा कार्यक्रमलाई कृषकको बिचमा पुर्याइनेछ ।
- तरकारी, फलफूल, पोसिलो घाँसको विऊ, विरुवा एवम सुक्ष्म तत्व अनुदानमा वितरण गरिनेछ ।
- ठूलो परिमाणमा कृषि तथा पशुपालन सम्वन्धी ब्यवसायीक फर्म स्थापना गर्न चाहने ब्यक्तिहरुलाई विभिन्न अनुदान मार्फत सहयोग गरिने छ ।
- गाई, भैंसी, बाख्रा, कुखुरा तथा माछापालनलाई व्यावसायिक रूपमा विकास गरिनेछ। पशु स्वास्थ्य सेवा, खोप कार्यक्रम तथा पशु प्रजनन सेवाहरूलाई प्रभावकारी बनाइनेछ।
- पशुपालक कृषकहरूलाई तालिम, प्राविधिक सहयोग तथा आवश्यक सामग्री उपलब्ध गराइनेछ।

**सडक तथा यातायत सम्बन्धि नीति**

- गाउँपालिकाका मुख्य सडकलाई स्तरोन्नति गरी बाह्रैमहिना सञ्चालन गरिनेछ । हिलो र धुलोमुक्त गाउँपालिका निर्माणको लागि आवश्यक कार्य अगाडि बढाइनेछ ।
- मुख्य सडकमा पर्ने खोलामा पक्की पुल तथा कल्भर्ट निर्माण गरिनेछ ।
- गाउँपालिका केन्द्रबाट वडा केन्द्रहरुसम्म पुग्ने सडक आसपास वृक्षारोपण गरिनेछ ।
- आगामी आर्थिक वर्ष सडक गुरुयोजना तयार गरी लागू गरिनेछ ।

**भवन तथा शहरी विकास सम्बन्धि नीति**

- प्राकृतिक स्रोत, ऐतिहासिक, सामाजिक, सांस्कृतिक पहिचान र आर्थिक सामर्थ्यको आधारमा गतिशील गाउँ शहर निर्माण कार्यलाई व्यवस्थित गरिनेछ । यसको लागि शहरी विकास तथा भवन निर्माण सम्बन्धि मापदण्ड एवम् संहिता पूर्ण कार्यान्वयन गरिनेछ । संरचना निर्माण गर्नु पूर्व नक्सा पास गर्नुपर्ने कानूनी प्रावधानलाई कडाईका साथ लागू गरिनेछ ।
- यस आर्थिक वर्षमा एकीकृत, व्यवस्थित, वैज्ञानिक, सुरक्षित र हरित गाउँ शहर निर्माणको लागि गुरु योजना बनाई लागू गरिनेछ । सम्बन्धित जग्गाधनीहरुको सहमतिमा व्यवस्थित शहरको निर्माणको लागि जग्गा विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ ।
- खानेपानी, सरसफाई र फोहोरमैला व्यवस्थापन तथा ढल व्यवस्थापनमा विशेष ध्यान दिईनेछ ।पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माणको लागि वर्षैंभरी सरसफाई अभियान सञ्चालन गरिनेछ।

**सरसफाई सम्बन्धि नीति**

- दिगो विकासका १७ लक्ष्यहरुमध्येको सफा पानी र पूर्ण सरसफाई सम्बन्धि लक्ष्य तोकिएको अवधिभित्र प्राप्त गर्न वातावरणमैत्री घरका १० सुचकहरुको कार्यान्वयन, पूर्ण सरसफाईयुक्त वडा घोषणा, एक घर एक धारा, एक घर एक शौचालय, एक व्यक्ति एक रुख, सुधारिएको चूलोको प्रयोग जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सूचक निर्धारण गरी नमूना वडा घोषणा गर्ने कार्यको थालनी गरिनेछ ।
- विद्यालय, सार्वजनिक स्थल एवम् सरकारी कार्यालयहरुमा अपांगमैत्री, वालमैत्री सार्वजनिक शौचालय निर्माणमा ध्यान दिईनेछ ।
- गाउँपालिकालाई स्वच्छ र सफा बनाउने, नागरिकहरुलाई गुणस्तरिय खानेपानी उपलब्ध गराउने र सबै घरमा शौचालय निर्माण भई प्रयोगको शुनिश्चितता कायम गरी क्रमशः नमुना सरसफाई तथा स्वच्छ समुदाय घोषणा गरिनेछ ।

**पर्यटन तथा संस्कृति सम्बन्धि नीति**

- पर्यटन क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्र एवंम् यस गाउँपालिकाको अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्न प्राकृतिक, ऐतिहासिक, धार्मिक पर्यटन प्रवर्द्धनको लागि सुक्ष्म ढंगले अध्ययन गर्ने तथा सोको लागि आवश्यक पूर्वाधार विकासमा जोड दिईनेछ । यस आर्थिक वर्षभित्र पर्यटन गुरुयोजना तयार गरी लागू गरिनेछ ।
- पर्यटकीय स्थलहरुको अध्ययन, पहिचान र प्रचारप्रसारको लागि आवश्यक व्यवस्था मिलाइने छ । पर्यटन पूर्वाधार निर्माण, प्रचारप्रसार र पर्यटक अनुकूल सेवा सुविधा विकासमा जोड दिईनेछ ।

- स्थानीय भाषा, साहित्य, कला, संस्कृति र सम्पदाको संरक्षण र प्रबर्धन गर्ने आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका अन्तरगतका धार्मिक, ऐतिहासिक, सामाजिक-सांस्कृतिक तथा पर्यावरणीय महत्वका मठ मन्दिर, मस्जिद, नदि-नाला पोखरी आदिको उचित संरक्षण एवम् सम्वर्द्धन गर्ने कार्यक्रमहरु ल्याईनेछ । परम्परागत रुपमा मनाउदै आइएका विभिन्न मेलाउत्सव र भाषा तथा संस्कृतिको , जगेर्ना गर्न तर्फ जोड दिईने छ ।

## वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीति

- सडक किनारामा भूक्षयलाई रोक्दै आर्थिक लाभ समेत लिन छिटो हुर्किने विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित क्षेत्रका स्थानीय समुदायलाई परिचालन गरिनेछ ।
- जग्गा बाँझो राख्ने कार्यलाई निरुत्साहित गर्न खाली जग्गाका सर्वेक्षण र माटो परीक्षण गरी जमिनको प्रकृति अनुसारको भुउपयोग नीति अवलम्बन गरिनेछ ।
- ऐलानी पर्ति जग्गा पहिचान गरी अतिक्रमण हुनबाट जोगाउने र वृक्षारोपण गरी हरियाली कायम गर्न आवश्यक पहल गरिनेछ । समृद्धिका लागि वन परियोजन कार्यक्रम मार्फत नीजी तथा सार्वजनिक जग्गामा वन विकास गरिनेछ।
- जनचेतनामुलक तथा सुचनामुलक कार्यक्रमहरु तयार गरी सुचना तथा संचारका माध्यमहरुको प्रभावकारी उपयोग मार्फत सबैमा पहुच हुने गरी विपद सम्बन्धी जानकारीसचेतना र सिकाई , समुदाय स्तरमा अभिवृद्धि गरिनेछ ।
- विपदबाट हुने मानवीयसाँस्कृतिक एंव पर्यावरणीय सम्पदाको ,सामाजिक ,आर्थिक ,भौतिक , जोखिम तथा क्षतिको कमि गर्नु तथा तिनिहरुको उत्थानशिलता बृद्धि गर्ने कार्यक्रमहरु अगाडी बढाईने छ ।

## युवा तथा खेलकूद सम्बन्धि नीति

- गाऊँपालिकास्तरमा उपयुक्त स्थानको खोजि गरि १ रंगशालाको निर्माणको लागि पहल गरिनेछ भने हरेक वडाहरुमा १/१ वटा खेलकुद मैदान निर्माण गरिनेछ ।
- गाउँपालिका स्तरीय वार्षिक खेलकुद महोत्सव आयोजना गरिनेछ ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति

- लैंगिक समानता महिला सशक्तिकरण लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ ।संचालित आयोजना तथा कार्यक्रममा कम्तिमा ३३ प्रतिशत महिला र कम्तिमा १० प्रतिशत अपांग वा अल्पसंख्यक वा दलित समुदायको सहभागिता सुनिश्चित

गरिनेछ । लघु उद्यम तथा सिप विकास सम्बन्धि कार्यक्रमहरु सचालनका क्रममा पछाडी परेको बर्गलाई सहभागितामा बिशेष प्राथमिकता दिइनेछ ।

- लक्षित वर्ग एवम् समुदाय केन्द्रित व्यवसायिक सीपमूलक तालिमहरु सञ्चालन गरी त्यस्ता वर्गको सशक्तिकरण गनर् नीति अवलम्बन गरिनेछ ।
- शिक्षाबाट विमुख बालबालिकालाई शिक्षाको पहुचमा ल्याउने कार्यक्रममा तय गरी विद्यालय उमेरका सम्पुर्ण बालबालिका शिक्षाको मुलधारमा ल्याईनेछ ।
- विद्यालय, वडा र गाउँपालिकामा बालक्लब एवम् संजाल गठन गरी क्रियाशिल गरिनेछ ।
- पारिवारिक संस्कार एवम् पोषणको अवस्थामा सुधार गर्न टोल र वडा स्तरमा अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- महिला शसक्तिकरणको लागि प्रत्येक टोल, वडामा महिला समुह एवं समिति गठन गरी गाउँपालिकामा सुचिकृत गरिनेछ । सूचीकृत सबै समुहलाई अनुशिक्षण तालिम दिइनेछ ।
- प्रत्येक वडामा रहेका महिला समितिलाई आयआर्जन सम्बन्धी तालिम दिई आयआर्जनमूलक व्यवसायमा आवद्ध गरिनेछ ।
- लैंगिक हिंसा, घरेलु हिंसा न्यूनिकरण गर्न कानुनी एवं चेतनामुलक कार्यक्रममा जोड गरिनेछ।
- ज्येष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्तिहरुको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिकमैत्री तथा अपाङ्गतामैत्री सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै स्वास्थ्य परीक्षण, सहायक सामग्री वितरण, घरदैलो सेवा, पुनःस्थापना तथा परामर्श सेवामा पहुँच विस्तार गरिनेछ।

**सिचाई, खानेपानी तथा भवन सम्बन्धि नीति**

- गाउँपालिका कार्यालयको अधुरो प्रशासकीय भवनलाई निर्माण सम्पन्न गरी प्रशासनिक केन्द्रको रुपमा व्यवस्थित बनाइनेछ । साथै गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी, विद्यालय तथा जेष्ठ नागरिक आश्रयस्थल भवनहरु निर्माण तथा मर्मत सम्भार गरिनेछ ।
- खानेपानीतथा स्वच्छता योजनाअनुसार खानेपानी सेवाबाट बञ्चित रहेका समुदायमा ,सरसफाई , प्राथमिकता दिईनेछ ।साथै उपलब्ध खानेपानी सेवालाई सबैमा खानेपानी पहुँचको लागि समन्यायिक वितरण गरिने व्यवस्था मिलाईने छ ।स्वच्छ खानेपानी सेवालाई पुर्ण प्रभावकारी बनाउन थप बजेटको ब्यवस्था गरिने छ।
- कृषियोग्य जमिनमा वर्षभरि सिँचाइ सुविधा उपलब्ध गराई बहुवर्षीय तथा व्यावसायिक खेतीलाई प्रोत्साहन गरिनेछ।

**विज्ञान तथा प्रविधि सम्बन्धी नीति**

- गाउँपालिकाको समृद्धिको लागि विज्ञान र प्रविधिको क्षेत्रबाट प्राप्त हुन सक्ने लाभ, अवसर र संभावनालाई खोजी गरी यस क्षेत्रमा संख्यात्मक र गुणात्मक विकास गरिनेछ ।

- गाउँपालिकाभित्र विज्ञान, सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न माध्यमिक तहका सबै विद्यालयहरुमा प्राविधिक विषयको पठनपाठनको व्यवस्था गरिनेछ
- माध्यमिक तथा आधारभूत तहका सबै सामुदायिक विद्यालयहरुमा कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला, विद्युतीय हाजिरीको व्यवस्था गरिनेछ ।
- विद्युतीय शासनको लागि आवश्यक पहल गरिनेछ । लेखा, राजश्व प्रणालीलाई सफ्टवेयरको प्रयोग गरी व्यवस्थित गरिनेछ ।

**संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह सम्बन्धि नीति**

- आगामी आर्थिक वर्षमा गाउँपालिकाको प्रशासनिक खर्च कम्तीमा १० प्रतिशतले घटाइनेछ ।
- गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरूलाई नागरिकमैत्री, पारदर्शी तथा प्रभावकारी बनाइनेछ। सेवाप्रवाहमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्दै विद्युतीय अभिलेख प्रणाली, डिजिटल नागरिक सहायता तथा अनलाइन सेवा व्यवस्थालाई क्रमशः कार्यान्वयन गरिनेछ ।
- मुस्कान सहितको सेवा प्रवाह गर्ने प्रबन्ध मिलाउदै कार्यालयमा हुने ढिलासुस्ती, अनावश्यक झन्झट तथा दोहोरो प्रक्रियालाई न्यूनीकरण गर्दै "एकद्वार सेवा प्रणाली" लाई प्रभावकारी बनाइनेछ। सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिक सन्तुष्टि सर्वेक्षणलाई नियमित रूपमा सञ्चालन गरिनेछ।
- भ्रष्टाचार नियन्त्रण, वित्तीय अनुशासन तथा सार्वजनिक उत्तरदायित्वलाई थप सुदृढ गरिनेछ। कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाइनेछ।
- गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनमा स्थानीय गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुलाई आमन्त्रण गरी साझेदारीको लागि अपिल गरिनेछ ।
- विकासका वार्षिक योजना निर्माण र कार्यान्वयनमा समुदाय परिचालनका लागि साविकका वडालाई समेटेर टोल सुधार समिति गठन गरि सक्रिय वनाइनेछ ।
- यस गाउँपालिका तथा अन्तर्गतका कार्यालयमा काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्ने वातावरण सृजना गरिनेछ। जसको लागि कर्मचारी प्रोत्साहन कार्यविधि बनाइ लागु गरिनेछ । कर्मचारीहरुको वृत्ति विकास गर्न आवश्यक कार्यक्रम र तालिमहरु सञ्चालन गरिनेछ। कानुनको शासन, पारदर्शितालाई मध्यनजर गर्दै सबै जनप्रतिनिधी तथा कर्मचारीहरुलाई आ-आफनो काम र कर्तव्य प्रति जिम्मेवारी बनाइ थप जवाफदेही र जनमुखी बनाईनेछ। गाउँपालिका भित्रका स्थायी कर्मचारीहरुको लागि Performance based payment को आधारमा प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- सेवा प्रवाहलाई थप पारदर्शि र सेवाग्राहिलाई सहज गर्नको लागि नागरिक वडापत्रको अवधारणलाई व्यवहारिक रुपमा लागु गरिनेछ । नागरिक सहायता कक्षको अनिवार्य व्यवस्था गरि One window service delivery system गरी faceless government सहितको सेवा प्रदान गरी गाउँवासीमा सुशासन प्रतिको आकाँक्षालाई उजागर गरिनेछ ।

**सरकारी तथा गैर सरकारी संघ/संस्था सञ्चालन सम्बन्धि नीति**

- गाउँपालिका क्षेत्रमा कार्य गर्न इच्छुक गैरसरकारी संघसंस्थाले गाउँसभाबाट अनिवार्य रुपमा बजेट तथा कार्यक्रम स्वीकृत गराई गाउँपालिकाको संचित खाताबाट नै निकासा हुने व्यवस्था गर्नुपर्नेछ । गाउँसभाबाट स्वीकृत नगराई कुनै पनि बजेट तथा कार्यक्रम संचालन गर्न पाईने छैन ।
- कुनै पनि सरकारी, गैर सरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिकाभित्र आयोजना, कार्यक्रम संचालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना वा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

**आर्थिक विकास सम्बन्धि नीति**

- खेर गइरहेको श्रमलाई उत्पादनमा जोड्न हाते सिपमुलक लघु उधम कार्यक्रम सञ्चालन गरिनेछ।
- ब्यवसायीक क्षेत्रमा लाग्न चाहने यूवाहरुलाई आधारभूत तालिम, यन्त्र उपकरण सहयोगको ब्यवस्था मिलाइनेछ ।
- वैदेशीक रोजगारीबाट फर्केका यूवाहरुलाई ब्यवसायीक कृषि र स्वरोजगारमुलक उधममा संलग्न विभिन्न अनुदानमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवा बेरोजगारीलाई सम्बोधन गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । दलित महिला, द्वन्द्वपीडित, विपन्न तथा सीमान्तकृत समुदायको आत्मनिर्भरताको लागि लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

**राजश्व संकलन तथा परिचालन सम्बन्धि निति**

- गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमालाई प्रभावकारी बनाइनेछ ।
- गाऊँपालिकामा करको दर निर्धारण गर्दा प्रगतिशिल कर प्रणाली लागू गरिनेछ ।
- मुख्य राजश्वका स्रोतहरुः सम्पत्ति कर, घरनक्सा पास तथा अभिलेख दस्तुर, ब्यवसाय कर, बहाल विटौरी शुल्क, सम्पत्ति मूल्यांकन शुल्क, सिफारिस तथा प्रमाणित दस्तुरको दर तथा असुली प्रक्रिया निर्धारण गरि सफ्टवेयर प्रणालीबाट अभिलेखीकरण गर्ने ब्यवस्था मिलाइनेछ।
- आम जनतालाई कर तथा राजश्वको महत्वका वारेमा जनचेतना विस्तार गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, व्यवसायीहरुलाई करको दायरामा ल्याउन कर संकलन प्रणालीलाई प्रभावकारी बनाउँदै लगिनेछ ।

**सामाजिक सुरक्षा तथा समावेशी प्रवर्दन सम्बन्धि नीति**

- हरेक नागरीकको वैंक खातालाई अनिवार्य गरि वृद्धवृद्धा, एकल महिला, तथा अपाङ्ग नागरिकको सामाजिक सुरक्षा भत्तालाई वैंक मार्फत समयमै व्यक्तिको खातामा सिधै पठाउने कार्यको निरन्तरता दिइनेछ । बैङ्कसम्म आफै आउन नसक्ने पूर्ण अपाङ्गता भएका व्यक्ति, अति अशक्त ज्येष्ठ नागरिकहरुलाई घरदैलो कार्यक्रम मार्फत् घरमै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- जेष्ठ नागरीक र अपांग नागरिकहरुलाई सक्रिय जीवन जिउने बातावरण तयार पार्न उपयूक्त सीपमुलक तालिम तथा जीवनोपयागी सिपहरु प्रदान गरिनेछ ।
- जातीय छुवाछुत र सामाजिक कुरिति, कुसंस्कार, रुढिवादी अन्धविश्वासको अन्त्य गर्न साँस्कृतिक सुधार कार्यक्रम  सञ्चालन गरिनेछ ।

**कानुन तथा न्याय सम्पादन सम्बन्धि नीति**

- गाउँपालिकामा दर्ता हुन आएका सवै विवादहरुलाई छिटो र छरितो छिनोफानो हुने ब्यवस्था मिलाइनेछ। यसका लागि सामुदायीक मेलमिलाप केन्द्रहरुलाई अधिकतम परिचालन गरिनेछ
- उपरोक्त नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि निम्नलिखित ऐन, नियम, निर्देशिका, कार्यविधिहरु तत्काल तर्जुमा गरी लागु गरिनेछ
    - गाउँपालिकाको विनियोजन ऐन
    - गाउँपालिकाको आर्थिक ऐन
    - खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजना

१३. यी नीति तथा कार्यक्रमको कार्यान्वयनमा गाउँपालिकालाई सबैबाट सक्रिय सहयोग हुने विश्वास व्यक्त गर्दछु ।

**सभा अध्यक्ष महोदय,**

म अब आ व २०८३।०८४ को बजेट प्रस्तुत गर्न चाहन्छु।

आ व २०८३।०८४ मा यस गाउँपालिकामा संघिय सरकार वित्तीय समानीकरण तर्फ रकम रु. १० करोड ३ लाख, संघिय सरकार राजश्व बाँडफाँड तर्फ रकम रु. ९ करोड ६० लाख, संघिय सरकार सर्शत अनुदान तर्फ रु.१९ करोड ४४ लाख, आन्तरिक आय तर्फ रु. १ करोड, प्रदेश सरकार वित्तीय समानीकरण तर्फ रकम रु. ६८ लाख ४० हजार, प्रदेश सरकार सशर्त अनुदान ४० लाख, प्रदेश सरकार विशेष अनुदान तर्फ रु २० लाख, प्रदेश सरकार राजश्व बाडफाड ४५ लाख ५३ हजार, अ.ल्या. १ करोड, अन्य निकायबाट प्राप्त हुने अनुदान ४५ लाख रुपैया समेत गरी यस आ व को कूल बजेट रकम रु ४३ करोड २६ लाख रुपैया प्रस्ताव गरेको छु। अनुमानित कुल आयको विवरण अनुसुचि-२ मा राखिएको छ र आन्तरिक आयको विवरण अनुसुचि-१ मा राखिएको छ।

(नोटः- अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त आय र ब्यय यसमा समावेश गरिएको छैन।)

**अन्त्यमा,**

यस नीति, बजेट तथा कार्यक्रम तर्जुमा मा प्रत्यक्ष, अप्रत्यक्ष मार्गदर्शन तथा सहयोग गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिका सदस्यज्यूहरु, बिषयगत समितिका संयोजकज्यू तथा सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजीवी, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, पत्रकार लगायत अन्य सबैमा हार्दिक आभार प्रकट गर्दछु। गाउँपालिकाको चौतर्फी विकास र सम्वृद्धिको अभियानमा निरन्तर सदभाव र सहयोग पुर्याउने आम गाउँपालिका वासी, करदाता, विकास साझेदार, सरकारी तथा गैरसरकारी संस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद ।

.................
पुनम कुमारी
उपाध्यक्ष
सुवर्ण गाउँपालिका

# अनुसूचि १
# आ व २०८३।८४ को आन्तरिक आयको विवरण

| राजश्व शिर्षक नं. | राजश्व शिर्षक | आ.व.2081/82 को यथार्थ | आ.व. २०८२/०८३ को यथार्थ | अगामी आ.व. २०८३/०८४ को अनुमान | अगामी आ.व. २०८४/०८५ को अनुमान | अगामी आ.व. २०८५/०८६ को अनुमान |
|---|---|---|---|---|---|---|
| ११३१३ | सम्पति कर | ०० | २०० | २२० | २४२ | २६६।२ |
| ११३१४ | भुमि कर/मालपोत कर | ५७४५२२/१५ | २६९५६८०/- | ४०,००,०००/- | ४४,००,०००/- | ४८,४०,०००/- |
| ११३२१ | घर बहाल कर | ११८३९५/८० | २३९०३ | २६२९३/३ | २८९२२/६३ | ३१८१४/८९ |
| ११३२२ | बहाल बिटौरी कर | ५२९३५३३ | १७२४२०० | ४०,००,०००/- | ४४,००,०००/- | ४८,४०,०००/- |
| ११४५१ | सवारी साधन कर(साना सवारी) | ०० | २०००/- | २२०० | २४०० | २६६२ |
| ११४७९ | अन्य मनोरंजन कर | ० | ० | | | |
| ११६९१ | अन्य कर | ० | ८७३०० | ९६०३० | १०५६३३ | ११६१९६/३ |
| १४२२४ | परिक्षा शुल्क | ० | २४००/- | २६४० | २९०४ | ३१९४/४ |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ४६२८५० | ० | | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ० | २५०००/- | २७५०० | ३०२५० | ३३२७५ |
| १४२४२ | नाक्सा पास दस्तुर | ० | ४००५ | ३२३५७/- | ३५,५९२/७ | ३९,१५१/९७ |
| १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | ३०६५०० | ० | | | |
| १४२४३ | सिफारिस दस्तुर | १९२१४३५ | ४६८६३० | ६,००,०००/- | ६,६०,०००/- | ७,२६,०००/- |
| १४२४९ | अन्य दस्तुर | ० | ३२०४४६ | ४,००,०००/- | ४,४०,०००/- | ४,८४,०००/- |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | २८८५०० | २०४७०० | ३,००,०००/- | ३,३०,०००/- | ३,६३,०००/- |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १८४६६० | २५५८८० | ३,००,०००/- | ३,३०,०००/- | ३,६३,०००/- |
| १५१११ | बेरुजु | ० | १६०५५० | २,००,०००/- | २,२०,०००/- | २,४२,०००/- |
| १४२५३ | व्यवसाय दर्ता दस्तुर | ० | ११६०० | १२७६० | १४०३६ | १५४३९/६ |
| जम्मा | | १४३२९०९६/४५ | ५९८६४९४/- | १००००००००/- | ११००००००/- | १२१०००००/- |

# अनुसूचि२-
## कुल अनुमानित आयको विवरण

| क्र.स. | विवरण | स्रोत | आय रकम | कैफियत |
|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | संघीय सरकार | १००३००००० | |
| २ | सशर्त अनुदान | संघीय सरकार | १९४४००००० | |
| ३ | राजस्व बाडफाड | संघिय सरकार | ९६०८६००० | |
| ४ | समानिकरण अनुदान | प्रदेश सरकार | ६८४०००० | |
| ५ | समपुरक अनुदान | प्रदेश सरकार | ० | |
| ६ | विशेष अनुदान | प्रदेश सरकार | २०००००० | |
| ७ | राजस्व बाडफाड | प्रदेश सरकार | ४५५३००० | |
| ८ | सशर्त अनुदान | प्रदेश सरकार | ४०००००० | |
| ८ | आन्तरीक आय (अनुमानित) | आन्तरीक राजस्व | १००००००० | |
| ९ | PLGSP प्राप्त हुने अनुमानित | प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम | ५००००० | |
| १० | अ.ल्या. | आन्तरिक | १००००००० | |
| ११ | बाडफाड (घर जग्गा रजिष्ट्रेशन शुल्क) | मालपोत कार्यालय | ४०००००० | |
| कुल जम्मा | | | ४३२६७९०००/- | |